रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ९ रामग्राम, वैशाख १५ गते, २०८३ साल संख्या २

## भाग-२

## रामग्राम नगरपालिकाको खानेपानी पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/१५**

**प्रस्तावना:** रामग्राम नगरपालिकाका नागरिकलाई स्वच्छ, सुरक्षित, गुणस्तरीय तथा दिगो खानेपानी सेवाको पहुँच सुनिश्चित गर्न, खानेपानी स्रोतको संरक्षण, विकास, उपयोग तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, खानेपानी तथा सरसफाइ ऐन, २०७९, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम रामग्राम नगरपालिकाको नगर सभाबाट विनियोजित खानेपानी पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम “रामग्राम नगरपालिकाको खानेपानी पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३” रहनेछ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा

यस कार्यविधिमा प्रसङ्गले अन्य अर्थ नलागेमा–

क. "नगरपालिका" भन्नाले रामग्राम नगरपालिका सम्झनुपर्छ।

ख. "कार्यपालिका" भन्नाले रामग्राम नगर कार्यपालिका सम्झनुपर्छ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

घ. "कार्यक्रम" भन्नाले खानेपानी पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम सम्झनुपर्छ।

ङ. "उपभोक्ता समिति" भन्नाले आयोजना सञ्चालनका लागि गठन भएको समिति सम्झनुपर्छ।

च. "खानेपानी आयोजना" भन्नाले खानेपानी उत्पादन, संकलन, भण्डारण, प्रशोधन तथा वितरणसँग सम्बन्धित पूर्वाधार सम्झनुपर्छ।

छ. "लागत साझेदारी" भन्नाले नगरपालिका र उपभोक्ताबाट गरिने लगानी सम्झनुपर्छ।

ज. "स्रोत संरक्षण" भन्नाले पानीको मुहान, नदी, पोखरी, भूमिगत जल लगायतको संरक्षण तथा संवर्द्धन सम्झनुपर्छ।

झ." नगर प्रमुख" भन्नाले रामग्राम नगरपालिकाको नगर प्रमुख सम्झनुपर्दछ ।

ञ. "नगर उपप्रमुख" भन्नाले रामग्राम नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनुपर्दछ ।

## परिच्छेद–२
## उद्देश्य तथा कार्यक्रमको क्षेत्र

### ३. उद्देश्य

यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछन्–

क. प्रत्येक नागरिकलाई सुरक्षित खानेपानीमा पहुँच सुनिश्चित गर्नु।

ख. खानेपानीको अभाव भएका क्षेत्रमा पूर्वाधार निर्माण गर्नु।

ग. जीर्ण तथा क्षतिग्रस्त खानेपानी प्रणालीको स्तरोन्नति गर्नु।

घ. जलस्रोत संरक्षण तथा पुनर्भरण कार्यक्रम सञ्चालन गर्नु।

ङ. पानीजन्य रोग नियन्त्रण गर्नु।

च. समुदायमा खानेपानी व्यवस्थापनको क्षमता विकास गर्नु।

छ. जलवायु परिवर्तनका असरलाई ध्यानमा राखी दिगो खानेपानी प्रणाली विकास गर्नु।

### ४. कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने कार्यहरू

देहायका कार्यहरू सञ्चालन गर्न सकिनेछ–

- नयाँ खानेपानी आयोजना निर्माण
- गहिरो तथा सतही बोरिङ
- इनार निर्माण तथा संरक्षण
- पानी संकलन ट्यांकी निर्माण
- रिजर्भ ट्यांकी निर्माण
- पाइपलाइन विस्तार
- धारा जडान
- लिफ्ट खानेपानी आयोजना
- सौर्य ऊर्जामा आधारित पम्पिङ प्रणाली
- पानी शुद्धीकरण प्रणाली
- पानी गुणस्तर परीक्षण
- वर्षा पानी संकलन प्रणाली
- मुहान संरक्षण कार्यक्रम
- रिचार्ज पोखरी निर्माण
- खानेपानी आयोजनाको मर्मत तथा स्तरोन्नति

## परिच्छेद–३
## योजना छनोट तथा स्वीकृति

५. प्राथमिकता निर्धारण

निम्न आधारमा आयोजना छनोट गरिनेछ–

क. खानेपानी सुविधा नभएका बस्ती।

ख. दलित, जनजाति, विपन्न तथा सीमान्तकृत समुदाय।

ग. विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक स्थल।

घ. उच्च जनसंख्या भएका क्षेत्र।

ङ. प्राकृतिक विपद्बाट प्रभावित क्षेत्र।

च. जलवायु परिवर्तनको असर बढी परेको क्षेत्र।

६. प्रस्ताव पेश गर्ने प्रक्रिया

(क) सम्बन्धित वडा कार्यालयमार्फत प्रस्ताव पेश गर्नुपर्नेछ।

(ख) प्रस्तावसँग निम्न कागजात संलग्न गर्नुपर्नेछ–

निवेदन

उपभोक्ता भेलाको निर्णय

उपभोक्ता समिति गठनको निर्णय

नागरिकताको प्रतिलिपि

लागत साझेदारी प्रतिबद्धता

आवश्यक भएमा जग्गाधनीको मञ्जुरी

७. लाभग्राही तथा प्रस्ताव छनोटका लागि देहायबमोजिम समिति रहनेछः

क. नगर प्रमुख –संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ग. नगरप्रमुखले तोकेको नगर कार्यपालिका सदस्य एक जना महिला सहित २ जना- सदस्य

घ. प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख–सदस्य

ङ. पूर्वाधार विकास शाखा प्रमुख –सदस्य सचिव

## परिच्छेद–४
## बजेट तथा लागत साझेदारी

८. बजेट व्यवस्था

क. कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले नगर सभाबाट वार्षिक बजेट विनियोजन गर्नेछ।

ख. नगर सभाबाट विनियोजन भएको बजेट रकमलाई दफा ७ बमोजिमको समितिले आवश्यकता अनुसार लागत अनुमान बमोजिम विभाजन गर्न सक्नेछ।

९. लागत साझेदारी

क. सामान्यतया आयोजना व्यवस्थापन गर्दा रामग्राम नगरपालिका र लाभग्राही बीच क्रमश ८०% र २०% प्रतिशतको लागत साझेदारीमा आयोजना संचालन गरिनेछ ।

ख. उपभोक्ता योगदान नगद, श्रमदान वा सामग्रीका रूपमा हुन सक्नेछ।

१०. विशेष व्यवस्था

दलित, विपन्न, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा अति दुर्गम क्षेत्रका लागि कार्यपालिकाले विशेष निर्णय गरी १०० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद–५
## उपभोक्ता समिति गठन

११. समिति गठन

(क) कम्तीमा ७ सदस्यीय उपभोक्ता समिति गठन गरिनेछ।

(ख) समितिमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य हुनेछ।

(ग) अध्यक्ष, सचिव वा कोषाध्यक्षमध्ये कम्तीमा एक पदमा महिला हुनुपर्नेछ।

१२. समितिको काम, कर्तव्य र अधिकार

आयोजना सञ्चालन गर्ने

बैंक खाता सञ्चालन गर्ने

खर्च अभिलेख राख्ने

गुणस्तर कायम गर्ने

सामाजिक परीक्षण गर्ने

सम्पन्न आयोजना सञ्चालन गर्ने

## परिच्छेद–६
## आयोजना कार्यान्वयन

१३. सम्झौता

स्वीकृत आयोजना उपभोक्ता समिति र नगरपालिका बीच सम्झौता गरी सञ्चालन गरिनेछ।

१४. कार्यान्वयन अवधि

आयोजना सम्झौतामा तोकिएको अवधिभित्र सम्पन्न गर्नुपर्नेछ।

१५. प्राविधिक सहयोग

नगरपालिकाले आवश्यक–

इन्जिनियर ,सब–इन्जिनियर,ओभरसियर तथा खानेपानि टेक्निसियन मार्फत प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

१६. खरिद प्रक्रिया

सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सामग्री खरिद गरिनेछ।

## परिच्छेद–७
## भुक्तानी व्यवस्था

१७. अन्तिम भुक्तानीका लागि आवश्यक कागजात

कार्य सम्पन्न प्रतिवेदन

प्राविधिक मूल्याङ्कन

खर्च विवरण

सार्वजनिक परीक्षण प्रतिवेदन

फोटो तथा अभिलेख

## परिच्छेद–८
## गुणस्तर नियन्त्रण

१८. गुणस्तर मापदण्ड

नेपाल सरकारद्वारा स्वीकृत मापदण्ड अनुसार सामग्री प्रयोग गर्नुपर्नेछ।

१९. निरीक्षण

प्राविधिक शाखाले नियमित निरीक्षण गर्नेछ।

२०. पानी परीक्षण

प्रत्येक आयोजना सञ्चालनअघि पानीको गुणस्तर परीक्षण गरिनेछ।

## परिच्छेद–९
## अनुगमन तथा मूल्याङ्कन

२१. अनुगमन समिति

देहाय बमोजिम अनुगमन समिति रहनेछ–

क. नगर उपप्रमुख – संयोजक

ख. सम्बन्धित वडाध्यक्ष – सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ. पूर्वाधार शाखा प्रमुख – सदस्य

ङ. योजना शाखा प्रमुख – सदस्य सचिव

अनुगमन समितिले आवश्यकता अनुसार आयोजना कार्यान्वयनको विभिन्न चरणहरुमा अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद–१०
## आयोजना हस्तान्तरण तथा सञ्चालन

२४. हस्तान्तरण

सम्पन्न आयोजना सम्बन्धित उपभोक्ता समिति वा खानेपानी उपभोक्ता संस्थालाई हस्तान्तरण गरिनेछ।

२५. सञ्चालन तथा मर्मत

(१) उपभोक्ता समितिले सञ्चालन तथा मर्मत सम्भार कोष स्थापना गर्नुपर्नेछ।

(२) मासिक सेवा शुल्क संकलन गर्न सकिनेछ।

२६. मर्मत सम्भार कोष

प्रत्येक आयोजनाले वार्षिक मर्मत सम्भार योजना तयार गर्नुपर्नेछ।

## परिच्छेद–११
## वातावरण तथा सामाजिक संरक्षण

२७. वातावरण संरक्षण
मुहान क्षेत्र संरक्षण
वृक्षारोपण
भू–क्षय नियन्त्रण
जलाधार संरक्षण
कार्यक्रम सञ्चालन गरिनेछ।
२८. सामाजिक समावेशीकरण
दलित, महिला, जनजाति तथा विपन्न वर्गको सहभागिता सुनिश्चित गरिनेछ।

## परिच्छेद–१२
## पारदर्शिता तथा जवाफदेहिता

२९. सार्वजनिक सुनुवाइ
प्रत्येक आयोजनामा कम्तीमा एक पटक सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ।
३०. सार्वजनिक परीक्षण
कार्य सम्पन्न भएपछि सामाजिक परीक्षण अनिवार्य हुनेछ।
३१. सूचना प्रकाशन
आयोजनाको लागत, स्रोत तथा खर्च विवरण सार्वजनिक गर्नुपर्नेछ।

## परिच्छेद–१३
## दण्ड तथा कारबाही

३२. अनियमितता भएमा
निम्न अवस्थामा कारबाही गरिनेछ–
रकम हिनामिना
गुणस्तरहीन निर्माण
झुट्टा विवरण पेश
सम्झौता उल्लंघन
३३. असुल उपर
दुरुपयोग भएको रकम प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

## परिच्छेद–१४
## विविध

३४. बाधा अड्काउ फुकाउने अधिकार
क. यस कार्यविधि कार्यान्वयनमा कुनै समस्या आएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।
३५. संशोधन
यस कार्यविधि संशोधन गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ।

# अनुसूची–१

## आवेदन फारामको ढाँचा

मिति:....../....../......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रामग्राम नगरपालिका।

**बिषय :आवेदन सम्बन्धमा ।**

सो सम्बन्धमा रामग्राम नगरपालिकाको कार्यालयको मिति २०..../....../..... प्रकाशित खानेपानी पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत यस रामग्राम नगरपालिका वडा नं ......... संस्था ........................ले सूचना अनुसार तपसिल अनुसारको कागजात संलग्न गरि यो निवेदन पेश गरेको छ ।

आवेदक संस्थाको नाम
ठेगाना

**प्रमाणीकरण मितिः २०८३/०१/१५**

**आज्ञाले**
**भूपेन्द्र पाण्डेय**
**प्रमुख प्रशासकीय अधिकृत**